# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

visit nepal 2020 Lifetime Experiences

मैजुहिटी, काठमाडौं

बागमतीप्रदेश, नेपाल


पत्र संख्या :- ०७७/७८

चलानी नं :- ३

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

मिति :- २०७७/०४/०१

विषय :- रोजगार सेवा केन्द्रमा बेरोगार व्यक्ति सूचिकरण सम्बन्धमा ।

श्री वडा कार्यलायहरु (सबै)

प्रस्तुत विषयमा मिति २०७७/०३/३० गते श्री संघयि मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र अनुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यकम सञ्चालन निर्देशिका , २०७५ को दफा १८ बमोजिमआगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानियतहमातहत रहेका रोजगार सेवाकेन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले **२०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गते** सम्ममा आफूले स्थायी बसोबास गरेको स्थानीयतहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । उक्त सूचना टासँ एंव प्रचार प्रसार गरिदिनहुन अनुरोध गरिन्छ ।

तपशिल :

(क) न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागी दिने निवेदन (प्रधानमन्त्री रोजगार कार्यकम सञ्चालन निर्देशिका , २०७५ को अनुसूची १ संशोधित बमोजिम) यसै साथ संलग्न बमोजिम ढाँचा प्रयोग गर्ने । (संशोधित अनुसूची १ www.pmep.gov.np र http://www.tokhamun.gov.np/en मा यसै पत्रसाथ संलग्न उपलब्ध छ । निवेदकका विवरणहरु पूर्ण हुनु पर्ने ।

(ख) आ.ब. २०७७/७८ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गते सम्म (बन्दाबन्दी सुरु हुनु भन्दा अगाडी) नियमानुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुन : निवेदन दिईरहनु नपर्ने ।

(ग) निवेदक स्थानिय हुनु पर्ने र निवेदनका लागि पेश गर्नु पर्ने कागजातहरु :

१) १ प्रति पासपोड साईजको फोटो

२) १ प्रति नागरिकताको प्रतिलिपी

७७।४।१

अनिल प्रसाद जोशी

अधिकृत (सातौं)

रोजगार संयोजक (बिनोद सापकोटाको) सम्पर्क नं. ९८४९५१७७६९